टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**<u>मिति २०७६ चैत्र २६ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको आकस्मिक बैठकका निर्णयहरु</u>**

१. नगरपालिका क्षेत्र बाहिर स्थायी ठेगाना भई वीरेन्द्रनगर नगरपालिका भित्र अस्थायी बसोबास गर्ने बासिन्दा मध्ये दैनिक ज्याला मजदुरी गरी साँझ बिहान छाक टार्नुपर्ने र बन्दको कारणले साँझ विहान न्यूनतम् खाद्यान्न ब्यवस्था गर्न नसकेका अति विपन्न मजदुर तथा विद्यार्थी परिवारहरुलाई न्यूनतम् खाद्यवस्तु (दाल, चामल, नुन तेल) उपलब्ध गराउने प्रयोजनार्थ वडामा संचालन हुने गत नगरसभाबाट संसोधन भई थप बिनियोजन भएका नगरस्तरीय विभिन्न १६ वटा योजनाहरुबाट प्रति योजना पाँच पाँच लाखको दरले कटौती गरी जम्मा रकम ८० लाख बिनियोजन गरी कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा रकमान्तर गरी खर्च गर्ने ।

२. हाल विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमण विरुद्ध प्रतिरक्षा गर्ने उद्देश्यले नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि 'औषधि उपचार, खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन नपाउने' र सम्पूर्ण ब्यक्तिहरुलाई घरमै बसी उक्त संक्रमण विरुद्ध सजग हुने गरी सम्पूर्ण देश नै 'लक डाउन' गरेको अवस्थामा हाल सम्म नगरपालिकाका विभिन्न वडाहरु मार्फत आफ्नो वडामा भएका वीरेन्द्रनगरका स्थायी बासिन्दा मध्ये दैनिक ज्याला मजदुरी गरी साँझ बिहान छाक टार्नुपर्ने र बन्दको कारणले साँझ विहान न्यूनतम् खाद्यान्न ब्यवस्था गर्न नसकेका परिवारहरुलाई न्यूनतम् खाद्यवस्तु (दाल, चामल, नुन र तेल) राहत स्वरुप वितरण गरिसकिएकोमा सरकारद्वारा 'लकडाउन' को अवधि बैशाख ३ सम्म थप गरेको सन्दर्भमा प्रत्येक वडाहरुले आआफ्नो वडामा अस्थायी बसोबास गरी ज्याला मजदुरीले छाक टार्नुपर्ने देहायका वर्गको पहिचान गरी राहत वितरण गर्नेः

- दैनिक असंगठित क्षेत्रमा काम गरी साँझ विहान दैनिकी गुजारा गर्नुपर्ने परिवार,
- अन्यत्रबाट वीरेन्द्रनगरमा आई विभिन्न पेशामा आबद्ध भई (विद्यार्थी समेत) बसोबास गर्ने तर निजको घरमा परिवारको अन्य कुनै आयस्रोत नभई आफैले मजदुरी गरी दैनिक खानुपर्ने बर्ग,
- मासिक तलवभत्ता प्राप्त गर्ने गरी परिवारको कुनै पनि सदस्य स्वदेश अथवा विदेशको संगठित संस्थामा रोजगारमा नरहेको साथै मासिक पेन्सन नपाउने,

- अपाङ्गता भएका, एकल महिला र अशक्त ब्यक्तिहरुलाई पहिलो प्राथमिकता दिने,
- कुनै पनि परियोजना संचालानार्थ कुनै निर्माण ब्यवशायीले कामदारको रुपमा नल्याएको बर्ग, वा सवारी धनीले रोजगारी दिएका बाहेकका यातायात मजदुर,

**वितरण विधिः**

- प्रत्येक वडाले टोलहरु मार्फत यस्ता ब्यक्तिहरुको नामावली प्राप्त गरी वडा समिति बैठकमा छलफल गरी रुजु गरेर नामावली प्रकाशन गरेर सो का लागि लाग्ने परिमाण र रकम समेत नगरपालिकाको ईमेल bipad.bnm@gmail.com मा गरी स्वीकृति पत्र प्राप्त भए पश्चात मात्र राहत वितरण गर्ने, तर यस्तो विवरण प्राप्त गरी राहतको स्वीकृति हुनु पूर्व हाल सम्म वितरण भएको राहतको बिल भरपाई वडाबाट भुक्तानीको लागि सिफारिस गर्नुपर्नेछ ।
- वास्तविक वर्गले राहत पाउने गरी ब्यवस्थापन गर्ने र यसरी राहत वितरण पश्चात सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण समेत गर्ने ब्यवस्था मिलाउने, गलत नाम सिफारिस गर्ने टोल,टोलको पदाधिकारी र राहत लिने परिवार,घरबेटीलाई समेत नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का गरी सिफारिस गरेको रकमको दोब्बर रकम असुल उपर गर्ने सक्ने सूचना गर्ने,
- राहत स्वरुप खाद्यान्न बितरण गर्दा परिवार सदस्य संख्याको आधारमा वितरण गरिने, यस प्रयोजनार्थ परिवार संख्या गणना गर्दा एक वर्ष भन्दा माथि उमेर भएका सदस्यको मात्र गणना गर्ने,
- विद्यार्थीको हकमा विपन्न वर्ग भनी घरबेटीको सिफारिस सहित वडामा निवेदन दिएमा सम्बन्धित वडाले प्रति विद्यार्थी ५ केजी चामल,१ केजी दाल,१ केजी नुन र ५०० मिलि तेल उपलब्ध गराउने ।
- खाद्यान्न खरिद र वितरणको हकमा प्रत्येक वडाले यस अघि नगरबासीलाई राहत वितरण गर्दा अबलम्बन गरिएको बिधी र प्रक्रिया बमोजिम प्रति परिवार ४ जना सम्मको लागि अधिकतम १५ केजी चामल,दाल १ केजी, १ केजी नुन,तेल ५०० मिली र प्रति परिवार ४ जना भन्दा बढिको हकमा अधिकतम ३० केजी चामल,दाल २ केजी, १ केजी नुन,तेल ५०० मिली उपलब्ध गराउने, सरकारी निकायमा खाद्यवस्तु उपलब्ध नहुने भएमा सो दररेटमा नबढ्ने गरी (अरुवा सोना मन्सुली वा सो सरहको चामल रु ४०.५० प्रति केजी २०७६ चैत्र २५ देखि लागु भएको, नुन १९ रुपैया प्रति केजी, दाल १२० रुपैया प्रतिकेजी र तेल ८३ रुपैया

प्रति ५०० मिलि) कोटेशनको माध्यमबाट अन्यत्रबाट वडा कार्यालयले खरिद गरी बिल भर्पाई पेश गर्न सकिने,

- भाडामा बस्ने मजदुर वर्गले अनिवार्य रुपमा घरबेटीको सिफारिस गर्नुपर्ने,
- लाभग्राहीले आफ्नो नागरिकता प्रमाणपत्र, मतदाता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र वा सरकारी निकायबाट जारी कुनै पनि प्रमाण संलग्न राख्नुपर्ने, यस्तो प्रमाण पेश गर्न नसकेमा त्यस्तो परिवार उक्त ठाउँमा बसोबास गरेको हो भनी जनप्रतिनिधीको रोहबरमा छिमेकीले गरेको सर्जमिन मुचुल्का भरपाईका साथ संलग्न राख्ने,
- वितरण कार्य समाप्त भए पछि लगत्तै सम्पूर्ण बिल भर्पाई र वडा समितिको निर्णय समेत संलग्न गरी नगरपालिकामा भुक्तानीका लागि सिफारिस गर्ने,

३. कोरोना सकम्रणका कारण देशमा लम्बिएको बन्दाबन्दीका असहज अवस्थाका कारण एक महिनाको घर भाडा छुट गर्न सघिय सरकारले अनुरोध गरेको सन्दर्भमा वीरेन्द्रनगरका आफनो घर बहाल दिएका जनप्रतिनिधीहरुले चैत्र महिनाको घर बहाल शुल्क नलिनुका साथै वीरेन्द्रनगर भित्र दैनिक ज्याला मजदुरी गर्ने परिवार तथा विधार्थीहरुलाई चैत्र महिनाको घर बहाल शुल्क छुट दिन वीरेन्द्रनगरका घरबेटीहरुमा समेत अनुरोध गर्ने ।

४. नगरपालिकाबाट स्थायी बासीलाई यस भन्दा अघि वितरण गरिएको राहतमा केही वडाबाट छुट विवरण प्राप्त हुन आएकोमा पुर्व वितरीत राहत सामाग्रीको बिल भर्पाईको सक्कल विवरण पेश गरी छुट विवरणको माग गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत